Government Logo

# लेखापरीक्षण प्रतिवेदन

# रघुगंगा गाउँपालिका, म्याग्दी

## आर्थिक वर्ष २०८१/८२

Government Logo

map-image

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Government Logo

# लेखापरीक्षण प्रतिवेदन

## रघुगंगा गाउँपालिका, म्याग्दी

OAGN Logo

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# दूरदृष्टि
(VISION)

Vision Icon

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

# गन्तव्य
(MISSION)

Vision Icon

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

# मूल्य मान्यता
(CORE VALUES)

Vision Icon

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख ब्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

Logo

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**

**काठमाडौं**

Logo

प.सं.: मिति : २०८३-१-११

च.न.:

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मौवाफाँट, म्याग्दी।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेस गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११ करोड ७३ लाख ५० हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ७ लाख ६४ हजार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, गण्डकी प्रदेशबाट प्राप्त रु. ५० लाख ७२ हजार समेत गरी जम्मा रू. १२ करोड ३१ लाख ८६ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. १ अर्ब १० करोड ६४ लाख ७ हजारको लेखापरीक्षण गरिएकोमा रु. ६५ लाख ७१ हजार (०.५९ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु. २० लाख २४ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु. ४५ लाख ४७ हजार मध्ये असुल गर्नुपर्ने रु. ३ लाख ६७ हजार, नियमित गर्नुपर्ने रु. ३८ लाख र प्रमाण कागजात पेस गर्नुपर्ने रु. ३ लाख ८० हजार रहेको छ। गत वर्षसम्म रु. ४ करोड ४६ लाख ९८ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. ४ करोड ८१ लाख ६२ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने रघुगंगा गाउँपालिका सँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस गाउँपालिकाको लेखापरीक्षणबाट देखिएका स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी रघुगंगा गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण भएको | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५२ | १३ | ६५,७०,९०६ | १ | ६ | २०,२३,५८८ | ० | ५१ | ७ | ४५,४७,३१८ | ३,६७,३१८ | ३८,००,००० | ३,८०,००० | ० | ० | ४१,८०,००० | ० |

### अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| म्याग्दी | ४,४६,९८,३५३ | ० | १०,८३,२०७ | ४,३६,१५,१४६ | ० | ४५,४७,३१८ | ४,८१,६२,४६४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको बेहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण** | | | | |
| १ | २०८१/८२ | २१ | विशेष अनुदानको रकमबाट मर्मत सम्भार कोष कट्टीः | १,२०,००० |
| २ | २०८१/८२ | २५.१ | मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम तर्फः | ११,८५,५२० |
| ३ | २०८१/८२ | ४२ | बीमा बापत भुक्तानीको औचित्यः | १,०९,३४३ |
| ४ | २०८१/८२ | ४१ | ढुंगा प्रयोगको राजस्व असुल नगरेकोः | ८३,७२५ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | २०८१/८२ | ३८ | कृषि स्नातक करारः | ५,२५,००० |
| ६ | २०८१/८२ | ३.२ | आर्थिक कारोबारको एकीकृत विवरणः | ० |
| | **जम्मा** | | | **२०,२३,५८८** |
| **गत विगत आर्थिक वर्षहरुको सम्परीक्षण** | | | | |
| ७ | २०८०/८१ | - | मूल्य अभिवृद्धि कर | २६,७७५ |
| ८ | २०८०/८१ | - | बैठक भत्ता (करार कर्मचारी छनोट) | ९०,४९० |
| ९ | २०७९/८० | - | संस्था छनौट - | ९,६५,९४२ |
| **जम्मा** | | | | **१०,८३,२०७** |
| **कुल जम्मा** | | | | **३१,०६,७९५** |

# रघुगंगा गाउँपालिका, म्याग्दी

# ( ८०४४४५०५३०० )

# रघुगंगा गाउँपालिका , म्याग्दी

# परिचय

१ **परिचय**

**क) कार्यालय परिचय:** स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ।

**ख) लेखापरीक्षणको उद्देश्य:** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**ग) लेखापरीक्षणको क्षेत्र र अवधि:** यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।०४।२९ देखि २०८२।०५।०२ सम्म रहेको छ।

**घ) लेखापरीक्षण विधि:** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरू सँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**ङ) लेखापरीक्षणको सीमा:** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेस भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका बेहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**च) आर्थिक कारोबारको स्थिति:** यस वर्ष पालिकाको आय - व्ययतर्फ रु. १ अर्ब १० करोड ६४ लाख ७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु:** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छन्।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन सम्बन्धमा देखिएका बेहोरा निम्न छन्।

• कतिपय सन्दर्भमा भ्रमण अभिलेख नै नराखी भ्रमण जाने गरेको देखिएको छ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै पनि कारबाही भएको छैन।

• पालिकाबाट सञ्चालन भएका विभिन्न आयोजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार मान्यता प्राप्त हुने गरी दर्ता वा अद्यावधिक नवीकरण भएको सम्बन्धमा कुनै पनि अभिलेख राखेको पाइएन।

• सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोबारसँग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसँग सम्बन्धित प्रणालीको नियन्त्रण व्यवस्था (Application Control), पहुँचमा नियन्त्रण (Access Control) लगायतका विषय समावेश हुन्छन्। सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, सूचना प्रविधि पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म.ले.प. फाराम नं. ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको, सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागु नगरेको र त्यसको अभिलेख म.ले.प. फाराम नं. ९०३ मा नराखेको, सफ्टवेयर फेलिअर वा अन्य असामान्य अवस्थालाई ध्यान दिई भरपर्दो वैकल्पिक व्यवस्था गरेको छैन।

• बेरुजुको अद्यावधिक लगतका लागि म.ले.प. फारामको व्यवस्था गरिएको छ। म.ले.प. फाराम नं. ८०१ देखि ८०५ सम्मका म.ले.प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित फाराममा तोकिए बमोजिम बेरुजुको अभिलेख राखेको छैन।

• पालिकाले कतिपय अवस्थामा म.ले.प. फाराम नं. ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको साथै म.ले.प. फाराम नं. ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत सम्बन्धमा अद्यावधिक अभिलेख राखेको छैन।

• अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १५(१) बमोजिम रकम विनियोजन भएको अवस्थामा धारा तथा बिजुलीको महशुल समयमा नै भुक्तानी गरी जरिबाना तिर्नु पर्ने अवस्था आउन दिन नहुने तर्फ कार्यालयले ध्यान दिनुपर्नेमा सो□को पालना भएको देखिएन।

• कार्यालयले सवारी साधनको सुविधा प्रयोग गर्दा अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १०(१) बमोजिम अनिवार्य रुपमा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लगबुकको फाराममा भएको विवरणहरु स्पष्ट रुपमा भरी स्वीकृत गरेर मात्र खपत भएको इन्धन बापतको रकम भुक्तानी दिनु पर्नेमा सो गरेको देखिएन।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेस्की तथा बेरुजुको लगत तयार गरेको छैन। यसबाट गत विगतका बेरुजु तथा पेश्की हराउने वा छुट्ने हुँदा यसतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

उपरोक्त बुँदा समेतलाई ध्यान दिई पालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ गर्नुपर्दछ।

३ **आर्थिक कारोबारको एकीकृत विवरणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफा सँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ।

रघुगंगा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मौवाफाँट, म्याग्दी

आर्थिक कारोबारको एकीकृत विवरण - २०८१।८२

| आय | | | | व्यय | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | विवरण | रकम रू. | जम्मा रू. | क.सं. | विवरण | रकम रू. | जम्मा रू. |
| १ | गत वर्षको मौज्दात अ.ल्या. | | ६५६४९४४२.९० | १ | चालु खर्च | | ४२१३५८६५२ |
| | सञ्चित कोष खाता | ३४४०१२१९.८३ | | | गाउँपालिकातर्फ | ११२४०८९७१ | |
| | धरौटी खाता | ३८४८८५२.९१ | | | सशर्त अनुदान (संघीय सरकार) | १८५७६३४३६ | |
| | विविध खर्च खाता | १०६०१५३९.३८ | | | स्वास्थ्य सुधार कार्यक्रम खर्च | ७६४३३३ | |
| | विविध कोष खाता | ११३८५५४०.२२ | | | सामाजिक सुरक्षा खर्च | ११७३४९९८२ | |
| | प्रकोप व्यवस्थापन कोष खाता | ५४१२२९०.५६ | | | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (प्रदेश) | ५०७१९३० | |
| २ | आन्तरिक आय/राजश्व | १४०२४५२१.१० | १४०२४५२१.१० | | ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय (प्रदेश) | ० | |
| ३ | संघीय अनुदान आयतर्फ | | २६७३७६००२.३७ | २ | पूँजीगत खर्च | | ८२७७१६८९ |
| | वित्तीय समानिकरण अनुदान | ७११६२०००.०० | | | गाउँपालिकातर्फ | ६५५३८६२६ | |
| | सशर्त अनुदान | १९१०५६२८२.३७ | | | सशर्त अनुदान (संघीय सरकार) | ५२९२८४६ | |
| | विशेष अनुदान | ५१५७७२०.०० | | | विशेष अनुदान (संघीय सरकार) | ५१५७७२० | |
| | समपुरक अनुदान | ०.०० | | | विशेष अनुदान (प्रदेश सरकार) | ४०००००० | |
| ४ | प्रदेश अनुदान आयतर्फ | | १६२३९४९६.८८ | | समपुरक अनुदान (प्रदेश सरकार) | २७८२४९७ | |
| | वित्तीय समानिकरण अनुदान | ९४५७०००.०० | | ३ | अन्य खर्च | | ९०७४८९५ |
| | विशेष अनुदान | ४००००००.०० | | | प्रकोप व्यवस्थापन कोष खाता | ११७९२७५ | |
| | समपुरक अनुदान | २७८२४९६.८८ | | | धरौटी खाता | ७९८७०१ | |
| ५ | राजश्व बाँडफाँड आयतर्फ | | ९१६२८२१७.५१ | | विविध कोष खाता | १५१०३०६ | |
| | राजश्व बाँडफाँड संघीय सरकार | ८२९८५२७२.६६ | | | विविध खर्च खाता | ४७८६६१३ | |
| | राजश्व बाँडफाँड प्रदेश सरकार | ८६४२९४४.८५ | | ४ | बैङ्क मौज्दात | | ७९९९३५३५ |
| ६ | अन्य आम्दानी | | १५०९७४१४.७८ | | प्रकोप व्यवस्थापन कोष खाता | ७८८३०१६ | |
| | प्रकोप व्यवस्थापन कोष खाता | ४४५००००.०० | | | धरौटी खाता | ४८६३०२६ | |
| | धरौटी खाता | १८१२८७३.९५ | | | विविध कोष खाता | १३६०६६२४ | |
| | विविध खर्च खाता | ५१०३१५०.८३ | | | सञ्चित कोष खाता | ४२७२२७९३ | |
| | विविध कोष खाता | ३७३१३९०.०० | | | विविध खर्च खाता | १०९१८०७७ | |
| ७ | अन्तरसरकारी अख्तियारीतर्फ | | १२३१८६२४५.३४ | ५ | हिसाब मिलान (सुत्रमा कर २ पटक कट्टी भई जम्मा भएको तर प्राविधिक समस्याका कारण जम्मा हुन बाँकीमा देखाइएको) | | २५६९ |
| | स्वास्थ्य सुधार कार्यक्रम निकासा | ७६४३३३.०० | | | | | |
| | सामाजिक सुरक्षा भत्ता निकासा | ११७३४९९८२.३४ | | | | | |
| | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (प्रदेश) | ५०७१९३०.०० | | | | | |
| | ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय (प्रदेश) | ०.०० | | | | | |
| | कुल जम्मा | | ५९३२०१३४०.८८ | | कुल जम्मा | | ५९३२०१३४१ |

पालिकाको आर्थिक कारोबारको एकीकृत विवरणबाट देखिएका अन्य बेहोरा निम्न अनुसार छन्।

३.१ **वित्तीय विवरणको यथार्थता:** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्र मार्फत सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा. नं. २७०, २७२ र २७५) तयार गर्नुपर्दछ। पालिकाले यस वर्ष सामाजिक सुरक्षा तथा संरक्षण बापतको खर्च रु. ११,७३,४९,९८२.३४, स्वास्थ्य सुधार कार्यक्रमको रु. ७,६४,३३३.०० र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय (गण्डकी प्रदेश) बाट प्राप्त रु. ५०,७१,९३०.०० समेत गरी रु. १२,३१,८६,२४५.३४ को कारोबारको सुत्रमा लेखाङ्कन गरेको छैन।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

३.२ **जिम्मेवारी फरक परेको**

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

३.३ **खर्च विश्लेषणः** पालिकाले यस वर्ष गत वर्षको बाँकी मौज्दात रु. ६५६४९४४२.९०, आन्तिरक आयबाट रु. १,४०,२४,५२१.१०, राजस्व बाँडफाँट र विभिन्न अनुदान (अन्य आय र अन्तरसरकारी हस्तान्तरण समेत) बाट रु. ५१,३५,२७,३७६.८८ गरी जम्मा रु. ५९,३२,०१,३४०.८८ आम्दानी प्राप्त गरेकोमा चालु तर्फ रु. ४२,१३,५८,६५२.२७, पुँजीगत तर्फ रु. ८,२७,७१,६८९.१५ र अन्य खर्च रु. ९०,७४,८९५.०० समेत रु. ५१,३२,०५,२३६.४२ खर्च भएको छ। कुल खर्चमा पालिकाको आन्तरिक आयको हिस्सा २.७३ प्रतिशत मात्र रहेको छ। यस वर्ष पदाधिकारी सुविधामा रु. ९४,००,४९८.०० खर्च भएको छ जुन आन्तरिक आयको ६७.०० प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको कुल रकम रु. ३७,५२,४३,७१६.७६ बाट चालु खर्चको लागि ८९.१० प्रतिशत मात्रै स्रोत पुगेको देखिन्छ भने पालिकाले प्राप्त गरेको सबै अनुदान र राजस्व बाँडफाँटको कुल रकमको २२.१० प्रतिशत मात्र पुँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको र चालु प्रकृतिका प्रशासनिक कार्यक्रममा बढी खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकमका साथै आन्तरिक स्रोतको अधिकतम रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

४ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको लेखापरीक्षण गराई आन्तरिक लेखापरीक्षणले औँल्याएका कैफियत सम्बन्धित अधीकारीले अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै सम्परीक्षण गराउनुपर्ने उल्लेख छ। पालिकामा आन्तरिक लेखापरीक्षण अधिकृतको पद रिक्त रहेकोले अन्तरसरकारी हस्तान्तरण तर्फको बाहेक यस वर्षको पालिकाको आय व्यय तर्फ कुनै पनि कारोबारको आन्तरिक लेखापरीक्षण भएको छैन। आन्तरिक लेखापरीक्षकको पदपूर्ति गराई ऐनमा तोकिए बमोजिम आन्तरिक लेखापारीक्षण गर्ने तथा आन्तरिक लेखापरीक्षणबाट देखिएका बेहोराहरु उपर आवश्यक कारबाही गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५ **बजेट व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षले मिति २०८१/०३/१० मा रु. ४८ करोड ६८ लाख १९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१/०३/१० मा पारित भएको छ। यसैगरी पालिकाका अध्यक्षले मिति २०८१/०३/१३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,६७,०४,०००.०० | १,१७,२३,९७६.०० | ७०.१९ |
| २ | पूर्वाधार विकास | ९,८३,९०,०००.०० | ५,९५,७९,२४५.१५ | ६०.५५ |
| ३ | सामाजिक विकास | २५,१७,९५,०००.०० | २१,४२,१२,८९२.३५ | ८५.०७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,२३,५५,०००.०० | १,९०,९२,६७०.६८ | ८५.४१ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ९,७५,७५,०००.०० | ७,६३,३५,३११.९० | ७८.२३ |
| | **जम्मा** | **४८,६८,१९,०००.००** | **३८,०९,४४,०९६.०८** | **७८.२५** |

पालिकाबाट प्राप्त क्षेत्रगत वार्षिक बजेटको विनियोजन र खर्च सम्बन्धी विवरण अनुसार विनियोजनको तुलनामा पूर्वाधार विकासमा सबैभन्दा कम ६०.५५ प्रतिशत र सुशासन र अन्तर सम्बन्धित क्षेत्रमा सबैभन्दा बढी ८५.४१ प्रतिशत खर्च भएको देखिन्छ। कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा नियन्त्रण गरी आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायत क्षेत्रका कार्यक्रममा जोड दिँदै विनियोजन अनुसार पुँजीगत खर्च गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

७ **आयोजनाको प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी दिगो विकास, वातावरण संरक्षण र भाषिक तथा सांस्कृतिक विकास उल्लेख छ। स्थानीय तहले सोही अनुसार प्राथमिकताको आधारमा आयोजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार १४५ आयोजनामा बजेट विनियोजन गरेको छ।

| क्र.सं. | आयोजना विवरण | आयोजना संख्या | रकम रु. |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमका | ४७ | ३११९६७७ |
| २ | रु. १ लाख देखि ५ लाखसम्मका | ७८ | २५४९००२७ |
| ३ | रु. ५ लाख देखि १० लाखसम्मका | ९ | ६८००००० |
| ४ | रु. १० लाख देखि ५० लाख सम्मका | ७ | १९६५४४३९ |
| ५ | रु. ५० लाख भन्दा माथिका | ४ | ४१०००००० |
| | **जम्मा** | **१४५** | **९६०६४१४३** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी आयोजनाहरु सञ्चालन गरेको देखिन्छ। स्थानीय स्तरमा समुदायको आवश्यकताको आधारमा साना आयोजनाहरु सञ्चालन गर्दा सञ्चालित आयोजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त हुनुका साथै लागत प्रभावी हुने तथा निर्माण कार्यको गुणस्तर समेत कायम हुने गरी सञ्चालन गर्नुपर्दछ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित आयोजना मध्ये कतिपय आयोजनामा शुन्य प्रगति देखिएको हुँदा वस्तुनिष्ठ तवरले आयोजनाको प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

८ **त्रैमासिक पुँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार यस वर्ष पालिकाको त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| गाउँपालिका पुँजीगत | ६५५३८६२६.२७ | १८४२७७७.०० | १०६९९६७८.०० | १४९७४००९.०० | ३८०२२१६२.२७ | २४१९६४२५.०१ |
| संघीय सरकार | १०४५०५६६.०० | ०.०० | १५८४०००.०० | ०.०० | ८८६६५६६.०० | ५८४७७१६.०० |
| प्रदेश सरकार | ६७८२४९६.८८ | ०.०० | ०.०० | १२५४०००.०० | ५५२८४९६.८८ | ४२४५३२२.९९ |
| **जम्मा खर्च** | **८२७७१६८९.१५** | **१८४२७७७.००** | **१२२८३६७८.००** | **१६२२८००९.००** | **५२४१७२२५.१५** | **३४२८९४६४.००** |
| खर्च प्रतिशत | ६६.४० | १.४७ | ९.८५ | १३.०१ | ४२.०५ | २७.५० |

उल्लेखित विवरणअनुसार पालिकाले यस वर्ष रु. ८२७७१६८९.१५ पुँजिगत खर्चको निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १८४२७७७.०० (१.४७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १२२८३६७८.०० (९.८५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. १६२२८००९.०० (१३.०१ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ५२४१७२२५.१५ (४२.०५ प्रतिशत) खर्च गरेको छ। पालिकाले आषाढ महिनामा मात्र रु. ३४२८९४६४.०० (२७.५० प्रतिशत) खर्च गरेको देखिँदा आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

९ **सहकारी संस्थाको सञ्चालन तथा नियमनः**

पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका सहकारीहरुको सञ्चालन सम्बन्धमा अनुगमन तथा नियमन गरी चुस्त रुपमा सञ्चालन हुने वातावरण सुनिश्चित गर्नुपर्दछ। पालिकाको अभिलेख तथा लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस पालिकामा सुरुमा १८ सहकारी संस्था दर्ता रहेकोमा ९ वटा सहकारी संस्था निष्कृय रहेको र हाल ९ वटा सहकारी संस्था अस्तित्वमा रहेको पाइयो। अस्तित्वमा रहेका ९ वटा सहकारीमा ३९२० शेयर सदस्यको कुल शेयर पुँजी रु. ५२०५३७८७.०० रहेकोमा हालसम्मको बचत निक्षेप रकम रु. १७३७५७१६०.०० रहेको छ। पालिकामा सञ्चालित सहकारी संस्थाहरुले १२७७ जना ऋणीलाई रु. २१२९४७२६७.०० ऋण प्रवाह गरेकोमा ८९ जना ऋणीलाई प्रवाह भएको ऋण रकम रु. १२५८१६४६ को भाखा नाघेको देखियो। सहकारी संस्थाले बचत निक्षेपभन्दा बढी ऋण लगानी गरेको देखिँदा आम बचतकर्ताको निक्षेप रकम जोखिममा पर्न सक्ने देखिन्छ।सहकारी संस्थाले भाखा नाघेको ऋणीहरुको नाम नामेसी सार्वजनिक गरी उनीहरुबाट ऋण असुल गरेर सर्वसाधारण बचतकर्ताको बचत फिर्ता सुनिश्चित गर्नुपर्दछ भने पालिकाले सहकारी संस्थाहरुको सघन रुपमा अनुगमन र नियमन गर्नेतर्फ गम्भीर भएर लाग्नुपर्दछ।

१० **विविध खर्चः**

स्थानीय सरकारले व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ। पालिकाले यो वर्ष विविध खर्च, विविध कार्यक्रम खर्च र विविध खर्च वडा नं. ४ शिर्षकबाट जम्मा रू. ३९ लाख ९९ हजार खर्च गरेको छ, जुन पालिकाको आन्तरिक आय रु. १,४०,२४,५२१.१० को २८.५१ प्रतिशत हुन जान्छ। विविध खर्च शिर्षकबाट चालु प्रकृतिका खर्च गर्दा मितव्ययिता अपनाउनुपर्दछ।

११ **सेवा प्रवाह विवरणः**

पालिकाबाट यस वर्षको सेवाप्रवाह सम्बन्धमा निम्नानुसार विवरण प्राप्त भएको छ।

| विवरण | जम्मा |
|---|---|
| घरजग्गा नक्शा पास | १ |
| जन्म दर्ता | ४०५ |
| मृत्यु दर्ता | १८६ |
| विवाह दर्ता | २१२ |
| बसाइँसराई दर्ता आउनेको | ४ |
| बसाइँसराई दर्ता जानेको | २१ |
| सम्बन्ध विच्छेद दर्ता | ७० |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहको अभिलेख व्यवस्थित गरी व्यक्तिगत घटना दर्तासँग सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही भिडान गरी सेवा प्रवाहलाई चुस्तता दिनुपर्दछ।

१२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा

अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन भने तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्याङ्कमा एकरुपता समेत नरहेको पाइयो। स्थानीय तहमा प्राथमिकताको आधारमा क्रियाकलाप सञ्चालनमा तथ्याङ्क तथा अभिलेखले महत्वपूर्ण भूमिका खेल्ने हुँदा तथ्याङ्क सङ्कलन र व्यवस्थित रुपमा अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

१३ **कर्मचारी कल्याण कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबरको रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्षको बजेटमा विनियोजन गरी कोषमा जम्मा गरेको रु. २५ लाख समेत हालसम्म कर्मचारी कल्याण कोषमा रु. ९३ लाख ४ हजार ६३२ मौज्दात रहेको छ। तर उक्त कोषको सञ्चालन, कोषमा जम्मा हुने रकम र कोषबाट कर्मचारीले पाउने सुविधा सम्बन्धमा कुनै पनि कानुनी व्यवस्था कार्यान्वयनमा ल्याएको देखिएन। यसरी कानुनी व्यवस्था नगरी सोझै कर्मचारी कल्याण कोषमा रकम जम्मा गरेको उचित नदेखिएकोले कोषको सञ्चालन सम्बन्धमा कानुनी व्यवस्था गर्ने तर्फ ध्यान दिनुपर्दछ।

१४ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ । सहायता वितरण सम्बन्धी खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र सहायताको प्रयोजन तथा रकम वेबसाइटबाट सार्वजनिक गर्नुपर्दछ। पालिकाले यस वर्ष अन्य आर्थिक सहायता, प्रकोप उद्दार र राहत जस्ता शिर्षकमा बजेट विनियोजन गरेकोमा कार्यपालिकाको पटके निर्णय र अध्यक्षको तोक आदेश बमोजिम १७ जनालाई रु. १० हजार देखि २५ हजार सम्म सहायता वितरण गरी जम्मा रु. ३ लाख ८५ हजार खर्च गरेको पाइयो। तर यसरी वितरण गरेको आर्थिक सहायता खर्च सम्बन्धी विवरण सार्वजनिक गरेको नदेखिएकोले आर्थिक सहायता वितरण सम्बन्धी खर्च विवरण नियमित रुपमा वेबसाइटबाट सार्वजनिक गर्नुपर्दछ।

१५ **कानुन निर्माण तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधीनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले गत वर्षसम्म तर्जुमा गरेको ६२ र यस वर्ष तर्जुमा गरेको ४ समेत हाल सम्म ६६ कानुन कार्यान्वयनमा ल्याएकोमा हाल २१ वटा ऐन, ५ वटा नियमावली, ३२ वटा निर्देशिका/कार्यविधि तथा अन्य १ वटा गरी जम्मा ५९ कानुन कार्यान्वयनमा रहेका छन्। तर्जुमा भएका ऐन कानुनहरुको प्रभावकारी रुपमा कार्यान्वयन तथा समयानुकूल परिमार्जन समेत गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

१६ **न्याय सम्पादनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दफा ४६ देखि ५३ सम्म स्थानीय न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा गतवर्षको बाँकी उजुरी नरहेकोमा यस वर्ष दर्ता भएको १२ विवादमध्ये १० वटा विवादको न्यायिक समिति मार्फत फछ्र्यौट भई २ वटा विवाद फछ्र्यौट हुन बाँकी रहेको देखिन्छ। स्थानीय न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

१७ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध गराउँदछ। पालिकाले स्वीकृत ढाँचामा आवश्यक विवरण देखिने गरी ठेक्का अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार आवश्यक सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१८ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम प्रतिस्पर्धी तथा पारदर्शी रुपमा खरिद हुनुपर्दछ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले खरिदलाई प्रतिस्पर्धी बनाउन खरिद योजना बनाई प्याकेजिङ गर्न मिल्ने खरिदलाई प्याकेजिङ गर्नुपर्नेमा सो नगरी टुक्रा खरिद गरेको पाइयो। पालिकाले आ.व. २०८१।८२ मा मसलन्द तथा कार्यालय सामग्री र छपाइ सम्बन्धी सेवा पटक पटक सोझै खरिद गरी रु. ३८ लाख खर्च गरेको पाइयो। सोझै खरिद गरिएका सामग्रीहरुको गुणस्तर र मूल्यमा प्रतिस्पर्धा संकुचित हुन जाने र खरिदको लागत समेत बढ्ने हुनाले माग र आवश्यकताको विश्लेषणको आधारमा वार्षिक खरिद योजना र लागत अनुमान तयार गरी खरिद नियमावली बमोजिम प्रतिस्पर्धी तरिकाले खरिद गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१९ **गाउँपालिकालाई बढी व्ययभारः**

कार्यालयले निर्माण कार्यको भुक्तानी गर्दा बजेटको सुनिश्चितता गरिएको श्रोतबाट मात्र भुक्तानी गर्नुपर्दछ। यस पालिकाले संघीय तथा गण्डकी प्रदेश सरकारबाट समपुरक तर्फको अनुदानबाट खर्च व्यहोर्ने गरी खरिद सम्झौता गरेकोमा सम्झौता अनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन नसकी म्याद थप गर्दा संघीय सरकार र प्रदेश सरकाले प्रतिवद्धता गरेको रकम खर्च नभई सम्बन्धित कोषमै फिर्ता भएको र सम्झौता गरिएका आयोजनाको भुक्तानी गर्न बाँकी रहेको रकम पालिकालाई थप व्ययभार परेको छ। पालिकाले निर्माण कार्यको म्याद थप गर्दा सो म्याद थपबाट पालिकालाई पर्ने आर्थिक दायित्व यकिन गरी विशेष परिस्थितिमा मात्र म्याद थप गर्नु पर्नेमा सो गरेको देखिएन। यसका साथै पालिकाले तोकिएको समयमै अनुदान उपयोग गर्न सक्ने गरी खर्च प्रणालीमा सुधार गरी खर्च व्यवस्थापनमा सुधार गर्नुपर्ने देखिन्छ। पालिकाले देहाय अनुसारका निर्माण कार्यको खरिद सम्झौतामा संघ तथा गण्डकी प्रदेश सरकारको समपुरक तर्फको बजेट आर्थिक वर्षको अन्तमा फ्रिज भई फिर्ता भए पश्चात् पालिकाकै आन्तरिक स्रोतबाट सम्पूर्ण रकम भुक्तानी गर्नु पर्ने अवस्था देखिँदा पालिकालाई थप व्ययभार नपर्ने गरी खरिद सम्झौता गरी कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| क्र.सं. | आयोजनाको नाम | प्रतिवद्धता दिने सरकार | प्रतिवद्धता रकम | प्रतिवद्धता मध्ये भुक्तानी | प्रतिवद्धता मध्ये गा.पा.ले व्यहोरेको |
|---|---|---|---|---|---|
| १ | मुक्तिधाम मा.वि. छात्रावास निर्माण | संघीय सरकार | ८५७४३९१ | ४९५९३४६ | ३६१४९०७ |
| २ | कोटगाउँ रायखोर घ्याँसिखर्क सडक | प्रदेश समपुरक | ६१७१८२७ | ४४६००७८ | १०२७०४९ |
| **समयमै सम्पन्न नभई म्याद थप गर्दा पालिकालाई थप व्ययभार परेको रकम रु.** | | | | | **४६४१९५६** |

२० **कुइने मंगले स्वास्थ्य चौकी तटबन्ध र रिङ्ग मा.वि. घेराबार (प्रदेश विशेष अनुदान):**

गण्डकी प्रदेश सरकारको विशेष अनुदान कार्यविधि, २०७५ को दफा ११(ग) मा विशेष अनुदान बापत प्राप्त रकम खर्च गर्दा उपभोक्ता समिति मार्फत खर्च गर्न पाईने छैन भन्ने व्यवस्था गरिएको छ। पालिकाले प्रदेश विशेष अनुदान अन्तर्गत संचालित कुईने मंगले स्वास्थ्य चौकी तटबन्ध र रिङ्ग मा.वि. घेराबार निर्माण कार्यको लागि सात सदस्यीय एक उपभोक्ता समिति गठन गरी कार्य गराएको छ।

पालिकाले प्रदेश सरकारको विशेष अनुदान संचालन कार्यविधि विपरित उपभोक्ता समितिलाई कार्य गर्न लगाई गो.भौ. नं. ८ - २०८२।०३।२३ बाट निर्माण उपभोक्ता समितिलाई रु. ३८,००,०००.०० भुक्तानी गरेको देखिँदा सम्बन्धित प्रदेश सरकारबाट उपभोक्ता समिति मार्फत आयोजना संचालन गर्न पाउने गरी सहमति लिई नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ३८,००,००० |

२१ **विशेष अनुदानको रकमबाट मर्मत सम्भार कोष कट्टीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२२ **उपभोक्ता समितिको पेश्कीः**

सार्वजनिक खरिद नियमावलीले निर्माण कार्यको पेस्की भुक्तानी गर्दा सो पेस्की रकम खाम्ने रकम बराबरको मान्य अवधि भएको पेस्की जमानत पेश गरेर मात्र पेश्की भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ। कार्यालयले विभिन्न उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा बिना जमानत पेस्की उपलब्ध गराएको पाइयो। सार्वजनिक खरिद ऐन र नियमावली तथा खरिद सम्झौताको शर्त अनुसार पेस्की भुक्तानी गर्नु पर्ने भएमा सो बराबरको पेस्की जमानत लिएर मात्र दिनुपर्नेमा सो नगरी पेस्की भुक्तानी गर्दा सार्वजनिक कोषको रकम जोखिममा पर्ने हुँदा यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ। कार्यालयले जमानत बिना पेश्की उपलब्ध गराएका उदाहरण देहाय अनुसार रहेका छन्।

| सि.नं. | उपभोक्ता समितिको नाम | गो.भौ.नं. र मिति | पेस्की रकम |
|---|---|---|---|
| १ | कुईने मंगले स्वास्थ्य चौकी तटबन्ध र रितुङ्ग मा.वि. घेरावार उ.स. | २२-२०८१।१२।२२ | १२५४००० |
| २ | झिँ टोड्के सडक स्तरोन्नति उ.स. | २-२०८१।०८।०४ | १५८४००० |
| ३ | बेगखोला वडा कार्यालय भवन निर्माण उ.स. | ५१-२०८१।१०।०६ | १७२४००० |
| ४ | भगवती वडा नं. २ वडा कार्यालय भवन तथा सभाहल निर्माण उ.स. | १०-२०८२।०१।१६ | ७००००० |
| ५ | झिँ वडा कार्यालय घेराबार उ.स. | ९-२०८१।०६।१६ | ८४६००० |
| ६ | सिद्ध भूमे आमा समूह निर्माण उ.स. | २४-२०८१।०८।११ | ३१३००० |
| ७ | आर्यघाट निर्माण उ.स. वडा नं. ७ | १०६-२०८१।१२।१४ | ३१३००० |
| ८ | पाखापानी डाँडाखानी मालिका सडक निर्माण उ.स. | १६३-२०८२।०२।११ | ३१३००० |
| | जम्मा | | ५३४६४६९ |

२३ **पेस्की बाँकीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम खरिद सम्झौतामा उल्लेख भएको व्यवस्था बमोजिम पेस्की दिन सक्ने व्यवस्था रहेको छ। कार्यालयले निर्माण व्यवसायी तथा संस्था र उपभोक्ता समितिलाई विगत आर्थिक वर्षमै उपलब्ध गराएको म्याद नाघेको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट हुन बाँकी देखिएको र भण्डारी निर्माण सेवाको पेस्की सुत्र प्रणालीमा अल्या नै गरेको नदेखिएको हुँदा सो पेस्की रकम नियमानुसार फर्स्यौट हुनुपर्दछ।

| पेस्कीको विवरण | पेस्की लिने पक्ष | चालु आर्थिक वर्षको | गत आर्थिक वर्ष सम्मको | कुल जम्मा |
|---|---|---|---|---|
| दवाङ्ग भिर स्तरोन्नति उ.स. | निर्माण उपभोक्ता समिति | ० | १५००००० | १५००००० |
| रघुगंगा मा.वि. सुधार आयोजना | अध्यक्ष | ० | १२५००० | १२५००० |
| भण्डारी निर्माण सेवा | निर्माण व्यवसायी | ० | ५००००० | ५००००० |
| **जम्मा पेस्की बाँकी रु.** | | **०** | **२१२५०००** | **२१२५०००** |

२४ **पेस्कीमा व्याजः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लिखित समयावधि भित्र सम्पादन नगरेको कारण यस नियम बमोजिमको पेस्की फछ्र्यौट हुन नसकेमा सार्वजनिक निकायले पेस्की रकम बापत राखेको बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेस्की फछ्र्यौट गर्नुपर्ने र निजबाट त्यस्तो पेस्की रकमको सयकडा दश प्रतिशत व्याज समेत असुल उपर गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्ष २०७८।७९ भित्र फछ्र्यौट गर्ने गरी भुक्तानी गरेका देहाय अनुसारको पेस्की रकम यस आर्थिक वर्ष २०८१।८२ सम्म आउँदा समेत फछ्र्यौट भएको नदेखिँदा आर्थकि वर्ष २०७९।८० देखि आर्थिक वर्ष २०८१।८२ सम्म ३ वर्षको सय कडा दश प्रतिशतका दरले हुने देहाय अनुसारको व्याज रकम समेत असुल गरी पेस्की फछ्र्यौट हुनुपर्ने रु.

| क्र.सं. | पेस्की लिने पक्ष | रकम | अवधि (०७९।८० देखि ०८१।८२ सम्म) | १०% ले हुने व्याज |
|---|---|---|---|---|
| १ | रघुगंगा मा.वि. सुधार आयोजना (अध्यक्ष) | १२५००० | ३ वर्ष | ३७५०० |
| २ | भण्डारी निर्माण सेवा | ५००००० | ३ वर्ष | १५०००० |
| | जम्मा | | | १८७५०० |

| असुल गर्नुपर्ने | १,८७,५०० |
|---|---|

## २५ मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम तर्फः

मुख्यमन्त्रीनवप्रवर्तनसाझेदारी कार्यक्रम अन्तर्गत यस पालिकामा रैथाने बालीको संरक्षण रब्रान्डिङ्गलाईप्राथमिकता दिने गरी पालिकाले पेश गरेको प्रस्ताव बमोजिम रू. १ करोड अनुमानित लागत मध्ये रु. ७५ लाख मुख्यमन्त्री कार्यालयबाट र रू. २५ लाख गाउँपालिका तथा लाभग्राहीबाट व्यहोर्ने सम्झौता भएकोमा यस वर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयतर्फ विभिन्न तालिम तथा मेसिनरी उपकरण खरिदमा रू. ५०,९५,२३५.०० रलाभग्राही तथा पालिकाबाट क्रमशःरू. ४,८९,३८६.००ररू. १०,४१,२८७.००गरीरू. १५,३०,६७३.०० समेत कुलरू. ६६,२५,९०८.००खर्च भएको पाइयो।यस सम्बन्धी देखिएका अन्य बेहोरा निम्नानुसार छन्।

### २५.१ उपकरण खरिद र वितरणः

..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१,१८५,५२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

**२५.२ पुँजीगत अनुदानको स्वामित्वः** स्थानीय रैथाने जातको उत्पादन प्रवर्द्धन गरी बेकरी आइटम बनाउने प्रयोजनार्थ कार्यक्रम कार्यान्वयन गर्न टोड्के हिल रिसोर्ट एण्ड होमस्टेलाई रू. १३,५०,५००.०० को बेकरी मेसिन उपलब्ध गराएकोमा उक्त मेसिन ६ वर्ष सम्म बिक्री गर्न नपाइने उल्लेख भएको छ। तर उक्त रिसोर्ट बन्द भएमा वा बिक्री भएमा अनुदानमा वितरण भएको सो मेसिनको स्वामित्व के हुने भन्ने स्पष्ट भएको नपाइएकोले रिसोर्ट बिक्री वा बन्द भएको अवस्थामा सो मेशिनको स्वामित्व गाउँपालिकाको नाममा आउने व्यवस्था हुनुपर्दछ।

## २६ सटर भाडाः

रघुगङ्गा गाउँ कार्यपालिकाको कार्यालय र रघुगङ्गा गाउँपालिका वडा नं. ३ निवासी प्रकाश खत्री बीच मिति २०७७।०७।२१ मा भएको सटर भाडा सम्बन्धी सम्झौता अनुसार ६ कोठाको तिल्केनी सटर भाडा बापत मासिक रू. १०,०००.०० प्रत्येक वर्ष १० प्रतिशत थप हुने र सम्झौता अवधि ३ वर्ष हुने उल्लेख भएकोमा सम्झौता अनुसार समयमा भाडा नबुझाएको कारण कार्यपालिकाको मिति २०८१।०६।१३ को बैठकले २०८१ असोज ३० देखि लागू हुने गरी सम्झौता रद्द गरेकोमा सो अवधिसम्म सम्झौताअनुसार कट्टी दर समेत गणना गर्दा आ.व. ०८१।८२ को ३ महिनाको रू. ४३,९२३.०० समेत रू. २,३८,५४३.०० असुल हुन बाँकी रहेको अभिलेखबाट देखिन्छ। आ.व. ०८०/८१ सम्मको गत बिगतमा बेरुजु उल्लेख भएकोले आ.व. ०८१।८२ को असुल हुन बाँकी रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | ४३,९२३ |
|---|---|

## २७ आन्तरिक आय तर्फः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक

राजस्व आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु. ७४,९८,०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. १,४०,२४,५२१.१० राजस्व आम्दानी प्राप्त भएको छ। यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न छन्।

२७.१ **आन्तरिक आयको योगदानः** पालिकाले आर्थिक वर्ष २०८१।८२ मा संघीय समानीकरण अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको योगदानको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च (समानीकरण) | आन्तरिक आय | आन्तरिक आय % |
|---|---|---|
| ७,११,६२,०००.०० | १,४०,२४,५२१.१० | १९.७१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त संघीय समानीकरण अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १९.७१ प्रतिशत मात्र रहेको छ।

२७.२ **कर तथा शुल्क असुलीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा स्थानीय तहले एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। सोही बमोजिम पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलन गर्नुपर्दछ। पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको पाइयो।

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | असुली | प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पत्ति कर | ४००००० | १५८९०० | ४० |
| २ | भूमिकर/मालपोत | ५००००० | ८२०७६८ | १६४ |
| ३ | बहाल कर | १०००००० | ७४४९१२ | ७४ |
| ४ | बहाल विटौरी कर | १५०००० | ३०००० | २० |
| ५ | सवारी साधन कर (साना सवारी) | १००० | ० | ० |
| ६ | अन्य मनोरञ्जन कर | ५०००० | ० | ० |
| ७ | व्यवसायले भुक्तानी गर्ने | ० | २४५० | |
| ८ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर | ० | ९९१२ | |
| ९ | अखेटोपहारमा लाग्ने कर | १००००० | ० | ० |
| १० | अन्य कर | ५०००० | ७३६०० | १४७ |
| ११ | पर्यटन शुल्क | ५०००० | ० | ० |
| १२ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | १००० | |
| १३ | विद्युत सेवा शुल्क | ० | २५० | |
| १४ | अन्य सेवा शुल्क तथा बिक्री | ७५०००० | १०३२२३ | १४ |
| १५ | न्यायिक दस्तुर | ५०००० | ३१०० | ६ |
| १६ | शिक्षा क्षेत्रको आम्दानी | ० | ३००० | |
| १७ | परीक्षा शुल्क | ८०००० | २८५०० | ३६ |
| १८ | यातायात क्षेत्रको आम्दानी | ५००००० | ० | ० |
| १९ | अन्य प्रशासनिक सेवा शुल्क | २००००० | १००६०० | ५० |
| २० | नक्सापास दस्तुर | ० | १००० | |
| २१ | सिफारिस दस्तुर | ६००००० | १६७९७५१ | २८० |
| २२ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५००००० | ६९२५०१ | १३९ |
| २३ | नाता प्रमाणित दस्तुर | ३००००० | १३२९०० | ४४ |
| २४ | अन्य दस्तुर | ५००००० | ४६५४२११ | ९३१ |
| २५ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २००००० | २५८०५६ | १२९ |
| २६ | विद्युत सम्बन्धी दस्तुर | ० | ७५० | |
| २७ | अन्य क्षेत्रको आय | ० | ४९१२६६ | |
| २८ | न्यायिक दण्ड, जरिवाना र जफत | ५०००० | ५०० | १ |
| २९ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २००००० | २१६६३२ | १०८ |
| ३० | धरौटी सदर स्याहा | २०००० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| ३१ | अन्य राजस्व | १०००००० | ३५४९७५० | ३५५ |
| ३२ | व्यवसाय कर | २००००० | २६३९८८ | १३२ |
| ३३ | बेरूजु | ४७००० | ३००० | ६ |
| | जम्मा | ७४९८००० | १४०२४५२१ | १८७ |

माथि उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०८१।८२ अनुमान गरेको भन्दा ८७ प्रतिशत बढी राजस्व आम्दानी प्राप्त गरेको छ। कतिपय आम्दानी शिर्षकमा असुली शुन्य देखिन्छ। कतिपय शिर्षकमा अनुमान नै न्यून गरिएको देखिँदा यस पालिकामा पहिचान भएका राजस्वका सबै आन्तरिक राजस्वका श्रोतहरु उचित तरिकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन। पालिकाले वडागत रुपमा संकलन भएको राजस्व सम्बन्धित शिर्षकमा समयमै दाखिला गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको यर्थाथपरक अनुमान मार्फत आन्तरिक स्रोतको परिचालनमा अभिवृद्धि गरी आन्तरिक आयबाटै आत्मनिर्भर बन्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२७.३ **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु. २६०५०६.०० कर सङ्कलन गरेको छ। पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको करदाता अभिलेख अद्यावधिक गरेको नदेखिँदा पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी सबै व्यवसायीहरुलाई व्यवसाय करको दायराभित्र ल्याउनुपर्दछ।

२७.४ **सिफारिस र शुल्क असुलीः** वडा तथा पालिकाबाट जारी हुने सिफारिसमा स्थानीय तहको सभाले तोके बमोजिमको शुल्क असुली हुनुपर्दछ। पालिकाको आन्तरिक लेखापरीक्षण नभएको तथा सिफारिस शुल्क दाखिला र सिफारिस सङ्ख्या सम्बन्धमा वडाहरूको चलानी किताब भिडान हुने नगरेकोले वडाहरूबाट भएको सबै सिफारिसमा सिफारिस दस्तुर असुल भएनभएको यकिन गर्न सकिएन। सिफारिस र सिफारिस शुल्क असुलीमा आन्तरिक नियन्त्रण कायम गर्न वडाहरुबाट प्राप्त सिफारिस शुल्क र चलानी किताब बमोजिम सिफारिस सङ्ख्या भिडान हुनुपर्दछ।

२७.५ **सामुदायिक वनबाट आय:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ (ङ - २) अनुसार स्थानीय स्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कबुलियती र साझेदारी वनको संरक्षण, सम्वर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन संघ तथा प्रदेश कानुनको अधिनमा रही स्थानीय तहको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र पर्ने उल्लेख छ। सोही ऐनको दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने उल्लेख छ। पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्री बापत प्राप्त हुने रकम सम्बन्धमा खोजी गरी राजस्व आम्दानी बाँधेको समेत देखिएन। स्थानीय स्तरमा वन उपभोक्ता समूहको व्यवस्थापन सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था पालना हुनुपर्दछ।

२७.६ **नदीजन्य पदार्थको आयः** स्थानीय तहले आफ्नो क्षेत्रभित्र संविधानको अनुसूची तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम आयका स्रोतहरू पहिचान गरी परिचालन गर्नुपर्दछ। पालिकाले विभिन्न ९ प्याकेजमा १९,२४,१८९.०० घनफिट नदीजन्य पदार्थ उत्खनन गरी बिक्री वितरण तथा आन्तरिक निकासीको लागि न्यूनतम मूल्य रु. १,७३,१७,७०२.०० कायम गरी पटक पटक बोलपत्र आव्हान गरेकोमा कुनै पनि बोलपत्रदाताले कबोल नगरेको कारण नदीजन्य पदार्थको आय ठेक्का व्यवस्थापन हुन नसकेको देखियो। आय ठेक्का व्यवस्थापन नभएको अवस्थामा राजस्व परामर्श समितिबाट अन्य वैकल्पिक विधिबाट आय सङ्कलन गर्न विकल्प नदेखाएको साथै पालिकाबाट समेत अन्य विधिबाट आय संकलन भएको पाइएन। पालिकाले अनुगमन गर्दा पालिकालाई जानकारी नगराई नदीजन्य सामाग्री उत्खनन गरेको कारण २ वटा जलविद्युत कम्पनीसँग रू. ६५ लाख जरिवाना असुली गरेको छ भने जिल्ला समन्वय समितिको

अनुगमनबाट रू. ५० हजार जरिवाना र रू. ६९,००२.०० रोयल्टी रकम असुल गरेको छ। पालिकामा ५ वटा जलविद्युत कम्पनीको आयोजना निर्माण कार्यहरू भइरहेको अवस्थामा त्यहाँ उपयोग हुने नदीजन्य सामाग्रीमा कानून बमोजिम कर तथा शुल्क भुक्तानी गरे नगरेको यकिन गरी छुट भएको पाइएमा असुल गर्ने उपयुक्त व्यवस्था हुनुपर्दछ।

२८ **प्रशासनिक जनशक्ति र संगठन व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६० जनाको दरबन्दी रहेकोमा स्थायी कर्मचारी, करार कर्मचारी, कार्यालय सहयोगी र हलुका सवारी चालक समेत ५७ जना कर्मचारी कार्यरत रहेका छन् भने ईन्जिनियर, शिक्षा अधिकृत, आन्तरिक लेखापरीक्षण अधिकृत लगायत १५ वटा पद रिक्त रहेको देखिन्छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्नसक्ने देखिन्छ। तसर्थ स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिम रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२९ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले सबैस्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानीय तहभित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमुलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन गर्ने भूमिका स्थानीय तहको हुने उल्लेख छ। पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएका बेरोजगारहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्दछ। कार्यक्रम अन्तर्गत यस आ.व.मा पालिकामा पैदलमार्ग निर्माण, गोरेटोबाटो निर्माण र खेल मैदान मर्मत सम्भार तथा पहिरो नियन्त्रणका १६ वटा आयोजना सञ्चालन भएको पाइयो। सूचीकृत ९७७ बेरोजगार मध्ये रोजगारीका लागि छनोट भएका १२० जनाले यस वर्ष पालिकामा सञ्चालित आयोजनाबाट औसत ४७.४३ दिनका दरले जम्मा ५६९१ दिन रोजगारी प्राप्त गरेकोमा ज्याला बापत कुल रु. ५४ लाख ७६ हजार भुक्तानी भएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पालिकामा विनियोजित बजेट रु. ८४ लाख ७५ हजार मध्ये श्रमिकको ज्याला,प्रशासनिक र कार्यक्रम खर्च समेत रु. ७६ लाख ६० हजार खर्च भएको छ। कार्यक्रम अन्तर्गत भएको खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि दीर्घकालीन रोजगारी सिर्जना र स्थानीय विकास निर्माणका कामको दीगोपना अभिवृद्धिमा प्रभावकारी योगदान पुगेको देखिँदैन। यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्नअनुसार छन्।

२९.१ **न्यूनतम रोजगारः** रोजगारीको हक सम्बन्धी ऐन - २०७५ को दफा ८(१) मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले ऐन प्रारम्भ भएपछि बेरोजगार व्यक्तिलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगार प्रादान गर्न आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्ने उल्लेख भएकोमा पालिकाले यस वर्ष रोजगारीका लागि छनोट भएका लाभग्राहीलाई औसत ४७.४३ दिन मात्रै रोजगार प्रदान गरेको देखिँदा सम्बन्धित लाभग्राहीहरु न्यूनतम रोजगारीको हकबाट वञ्चित हुन गएको पाइयो। ऐनको व्यवस्था अनुसार न्यूनतम रोजगार सुनिश्चित हुनेगरी रोजगार कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

२९.२ **श्रमिकको ज्याला भुक्तानीः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका - २०७५ को दफा २७(२) अनुसार लाभग्राहीलाई ज्यालाको भुक्तानी मासिक रुपमा गर्नुपर्नेमा पालिकाले यस वर्ष सञ्चालित आयोजनामा खटिएका श्रमिकहरुलाई मासिक रुपमा ज्याला बापतको भुक्तानी नगरी आर्थिक वर्षको अन्त्यमा एकमुष्ट भुक्तानी गरेको पाइयो। निर्देशिकाको व्यवस्था अनुसार मासिक रुपमा ज्याला भुक्तानी नहुँदा काममा खटिएका लाभग्राहीको दैनिक जीवनयापन आर्थिक रुपले कठिन हुन जाने हुँदा निर्देशिका बमोजिम मासिक रुपमा नियमित ज्याला भुक्तानीको व्यवस्था मिलाउनुपर्दछ।

२९.३ **प्रगति समीक्षा र प्रतिवेदनः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका - २०७५ को दफा ७३(४) मा सम्बन्धित गाउँकार्यपालिका वा नगरकार्यपालिकाले आफ्नो क्षेत्रभित्रका कार्यक्रमहरुको चौमासिक तथा वार्षिक रुपमा समीक्षा गरी सोको प्रतिवेदन

सार्वजनिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले चालु आर्थिक वर्षमा सञ्चालित कार्यक्रमहरुको नियमित रुपमा आवधिक समीक्षा गरी सोको प्रतिवेदन सार्वजनिक गरेको पाइएन। निर्देशिकामा उल्लेखित व्यवस्थाको पालना गरी कार्यक्रमको प्रभावकारिता प्रवर्द्धन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२९.४ **कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवनोपयोगी सीप तालिमः** युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि - २०७९ को दफा ३२(१) मा छनौट भएका लाभग्राहीको रोजगार योग्य क्षमता अभिवृद्धि गर्न चालीस दिनसम्मको कार्यस्थलमा आधारित सीप विकास र दश दिनसम्मको जीवन उपयोगी सीप ववकास गरी कुल पचास दिनसम्मको सीप विकास तालिम सञ्चालन गर्न सकिने उल्लेख छ। पालिकाले यस वर्ष कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवनोपयोगी सीप तालिम सञ्चालनको लागि मूल्य अभिवृद्धि कर सहित रु. ९ लाख लागत अनुमान कायम गरी प्रस्ताव आव्हान गरेकोमा २०८२।०२।०५ सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०८२।११।१३ मा Pokhara Valley Technical Training Institute Pvt. Ltd. सँग मूल्य अभिवृद्धि कर सहित रु. ५,३१,५२९.४० मा सम्झौता भएको पाइयो। तालिम प्रदायक संस्थाले छनोट भएका ४० जना लाभग्राहीलाई सम्झौता अवधि भित्रै तालिम प्रदान गरेको छ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा तोकिएको ढाँचामा सोको प्रतिवेदन तयार गर्नुपर्ने र सो पश्चात् भुक्तानीका लागि आर्थिक प्रशासन शाखामा पठाउनु पर्ने उल्लेख छ। पालिकाले Pokhara Valley Technical Training Institute Pvt. Ltd. लाई कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवनोपयोगी सीप तालिम सञ्चालन बापत अन्तिम भुक्तानी दिनुअघि सम्झौता अनुसारको कार्य सम्पन्न भएको यकीन गरी कार्य स्वीकार प्रतिवेदन तयार गरेको नदेखिएकोले खरिद कार्यको अन्तिम भुक्तानी सम्बन्धी सार्वजनिक खरिद नियमावलीको व्यवस्था पालना हुनुपर्दछ।

३० **तलब भत्ता भुक्तानीः**

निजामती सेवा ऐन - २०४९, स्वास्थ्य सेवा ऐन - २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन - २०७४, शिक्षा ऐन - २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई पालिका तर्फका २६, साविक जि.वि.स. तर्फका ४ र संघीय निजामती सेवा तर्फका १ स्थायी कर्मचारीको तलब भत्तामा पारिश्रमिक कर्मचारी शिर्षकबाट रु. १ करोड ९० लाख र सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका स्वीकृत दरबन्दीका स्थायी कर्मचारीको तलब भत्ताको लागि प्राप्त (स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीको स्वीकृत दरबन्दी अनुसारको तलब, महंगी भत्ता र पोषाक भत्ता) शिर्षकबाट रु. २ करोड ७० लाख खर्च लेखेको छ। तसर्थ तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता र ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

३१ **पदाधिकारी सेवा सुविधाः**

नेपालको संविधानको धारा २२७ मा उल्लेखित गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेशले गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ। उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले यस वर्ष पदाधिकारी सेवा सुविधा शिर्षकमा रु. ९७ लाख विनियोजन गरेकोमा ४२ जना जनप्रतिनिधिहरुको सेवा सुविधा तथा चाडपर्व सुविधा समेत जम्मा रु. ९४ लाख खर्च गरेको छ।

३२ **इन्धन खर्चः**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चत मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनुपर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था उल्लेख छ। पालिकाले यस वर्ष इन्धन (पदाधिकारी), इन्धन (कार्यलय प्रयोजन) र इन्धन अन्य प्रयोजन शिर्षकमा गरी रु. ११ लाख १३ हजार खर्च गरेको छ। इन्धन खर्चलाई यथासम्भव मितव्ययी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३३ **मर्मत सम्भार खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र मर्मत सम्भार तथा संरक्षण आवेदन स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ। सोही बमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ। पालिकाले सवारी साधन मर्मत गर्दा लागत अनुमान नबनाई सिधै खर्च गरेको छ। पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु. १९ लाख १४ हजार खर्च लेखेको छ। मर्मत सम्भार सम्बन्धी खर्च गर्दा प्रचलित नियमको पालना हुनुपर्दछ।

३४ **परामर्श सेवा खरिदः**

पालिकाले यस वर्ष विभिन्न खानेपानी तथा सिँचाई आयोजनाको विस्तृत परियोजना प्रतिवेदन निर्माण सम्बन्धी कार्यमा परामर्श सेवा खरिद गरी निम्नानुसार खर्च गरेको पाइयो।

| क्र.सं. | सेवाको विवरण | परामर्शदाता | भुक्तानी रु. | DPR अनुसारको लागत अनुमान रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | विभिन्न ४ वटा खानेपानी आयोजनाको *DPR* तयारी | इगल्स सोलुशन प्रा.लि. | ९८८७५० | १४२४७८११७ | ०८२।८३ मा कुनै पनि बजेट विनियोजन नभएको [संघ तथा प्रदेशमा बजेट माग गर्न पेस] |
| २ | कुइमा खोला बुक्ल सिँचाइ आयोजना | अस्त्र ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | ३९३२४० | १३९८५८४७ | संघीय सरकार विशेष अनुदानबाट रु. १ करोड २३ लाख विनियोजन भई कार्यान्वयन प्रक्रियमा रहेको। |
| | जम्मा | | १३८१९९० | १५६४६३९६४ | |

माथिको विवरण अनुसार विभिन्न ४ वटा खानेपानी आयोजनाको विस्तृत परियोजना प्रतिवेदन निर्माणको लागि इगल्स सोलुसन प्रा.लि. सँग सम्झौता मूल्य रु. ९८८७५०.०० भुक्तानी गरी प्राप्त DPR प्रतिवेदन अनुसार उक्त ४ वटा खानेपानी आयोजना निर्माण गर्न रु. १४२४७८११७.०० लागत लाग्ने उल्लेख भएकोमा आर्थिक वर्ष २०८२।८३ मा कुनै पनि आयोजनाको लागि बजेट विनियोजन भएको पाइएन भने संघ तथा प्रदेशमा बजेट माग गर्न पेश भएको कार्यालयले जनाएको छ। परामर्शदातालाई भुक्तानी गरी प्राप्त अध्ययन प्रतिवेदनको कार्यान्वयन सुनिश्चित हुने गरी आवश्यकताको आधारमा मात्र परामर्श सेवा खरिद गर्नुपर्दछ।

३५ **दवाङ्ग भीर स्तरोन्नति:**

पालिकाले १०७८.२० घन मिटर Hard Rock with Blasting सहित १३० मिटर सडक ढलान गर्ने कामको लागि रु. ५७४६९३८.७८ को लागत अनुमान तयार गरी सात सदस्यीय एक उपभोक्ता समिति गठन गरी सम्झौता गरेको पाइयो। ब्लाष्टिङ्ग गरी कडा चट्टान फुटाउने कार्यको लागि उपभोक्ता समितिलाई मिति २०८१।०७।३० भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी कार्यदेश दिइएकोमा कार्यालयले मिति २०८१।१२।३० सम्म म्याद थप गरेको छ। निर्माण उपभोक्ता समितिले मिति २०८१।१२।२८ मा निवेदन पेश गरी मिति २०८२।०३।२० सम्म म्याद थप माग गरेकोमा कार्यालयले सो निर्माण कार्यको म्याद थपको निर्णय गरेको देखिएन। ब्लाष्टिङ जस्तो संवेदनशील कार्यको लागि त्यस्तो कार्यमा अनुभव प्राप्त निर्माण व्यवसायीलाई ठेक्का दिनु पर्नेमा उपभोक्ता समितिलाई कार्य गर्न दिनु व्यवहारिक देखिँदैन । कार्यालयले उपभोक्ता समितिलाई विविध खर्च खाताबाट गो.भौ.नं. १४ - २०८१।०३।२३ बाट रु. १५,००,०००.०० पेश्की भुक्तानी गरेकोमा सो पेश्कीको उपयोग हुने गरी कुनै निर्माण कार्य हुन सकेको देखिएन। पालिकाले यस्ता जटिल र अनुभव चाहिने कार्यको लागि बोलपत्रको माध्यमबाट ठेक्का आह्वान गर्ने तर्फ ध्यान दिई उपभोक्ता समितिलाई पेश्की बापत भुक्तानी भएको रु. १५,००,०००.०० को सदुपयोग हुने गरी आवश्यक समन्वय गरी निर्माण कार्य गराउने तर्फ ध्यान दिनुपर्दछ अन्यथा सो पेश्की असुल गरी सञ्चित कोष दाखिला हुनुपर्दछ।

३६ **सार्वजनिक भवन उ.स.बाट निर्माणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा एक करोड रुपैयाँ सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही सथानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन

सकिने र सोही नियमको उपनियम (१२) मा निर्माण सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था उल्लेख छ। नियमावलीको व्यवस्था अनुसार आयोजनाको स्वामित्व हस्तान्तरण गर्न सकिने आयोजनाहरु मात्र उपभोक्ता समितिबाट निर्माण गर्नु पर्ने देखिन्छ। पालिकाले वडा कार्यालय निर्माण, वडा कार्यालयको घेराबार निर्माण लगायतका कार्य समेत उपभोक्ता समितिबाट गाराएको पाइयो। यसरी सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्न नसकिने आयोजना समेत उपभोक्ता समितिबाट निर्माण गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

| क्र.सं. | आयोजनाको नाम | गो.भौ.नं र मिति | भुक्तानी रकम |
|---|---|---|---|
| १ | बेगखोला वडा कार्यालय निर्माण | ५१-०८१।१०।०६ | ५२२५००० |
| २ | वडा नं. २ कार्यालयमा सभाहल निर्माण | १८,२२३-०८२।०३।२३ | २१०२७९२ |
| ३ | झिँ वडा कार्यालय घेराबार कार्य | १५८-०८२।०२।०६ | २५६५००० |
| जम्मा | | | ९८९२७९२ |

३७ **सामग्री खरिद बापत उ.स.लाई भुक्तानीः**

उपभोक्ता समितिलाई सम्बन्धित कार्यको लागि दिइएको कार्यादेश अनुसारको कामको नापी गरी सो अनुसार भुक्तानी गर्नुपर्दछ। पालिकाले झिँ वडा कार्यालय घेराबार कार्यको लागि निर्माण उपभोक्ता समिति सँग सम्झौता गरी कार्य गराउँदा सम्झौता अनुसारको काममा उपयोग नभएका तर उपभोक्ता समितिले खरिद गरेका सामाग्रीको समेत भुक्तानी दिएको पाइयो। उपभोक्ता समितिलाई निर्माण कार्य गर्न कार्यादेश दिइने भएकोले निर्माण कार्यमा प्रयोग नभएका समाग्रीको समेत गणना गरी भुक्तानी दिने कार्य नियम सम्मत देखिएन। निर्माण उपभोक्ता समितिले यस आयोजनामा प्रयोग नै नगरेका देहाय अनुसारका सामग्री बापत रु. १२८९०४.७५ भुक्तानी भएको देखिँदा सो रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| क्र.सं. | सामाग्री | परिमाण | दर | रकम |
|---|---|---|---|---|
| १ | Circular Black Pipe 1.5" Dia | २६ | २७१८ | ७०६६८ |
| २ | 10 Gauge GI wire 2.5m | ७५ | ४७७ | ३५७७५ |
| ३ | 10 Gauge GI wire 2m | १६ | ४७७ | ७६३२ |
| जम्मा | | | | ११४०७५ |
| मूल्य अभिवृद्धि कर | | | | १४८२९.७५ |
| **कुल जम्मा** | | | | **१२८९०४.७५** |

| असुल गर्नुपर्ने | १,२८,९०५ |
|---|---|

३८ **कृषि स्नातक करारः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **५२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३९ **कृषि तथा पशुमा अनुदानः**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति, कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण बापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकाबाट कृषि तर्फ ३८० कृषक/फर्मको लागि रु. ९७ लाख ३८ हजार ५९२ र पशु तर्फ ३१ कृषक/फर्मको लागि रु. ७ लाख ६५ हजार ९०५ समेत जम्मा ४११ कृषक/फर्मलाई कृषि तथा पशुमा अनुदान वितरण गर्न जम्मा रु. १ करोड

५ लाख ४ हजार ४९७ खर्च भएको देखिन्छ।

कृषि तथा पशुमा वितरित अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन नभएकोले अनुदान कार्यक्रम सञ्चालन पश्चातको उपलब्धि मूल्याङ्कन भएको छैन। अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। कृषि तथा पशुमा अनुदान सम्बन्धी खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेबसाइटबाट सार्वजनिक गर्नुगराउनु पर्दछ भने अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकीन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४० **विज्ञापन तथा सूचना प्रकाशनः**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०७७ को नियम ६(क) को उपदफा ३ मा सञ्चार माध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि ऐनको दफा २१ को खण्ड (ख) बमोजिम रकम कट्टा गर्नुपर्ने र उपनियम ४ मा उपनियम ३ बमोजिम कट्टा गरिएको ३ प्रतिशत रकम विज्ञापन बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था रहेको छ। साथै विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०८० को नियम ५ (ग) मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा ऐनको दफा ३२ बमोजिम विज्ञापन बोर्ड मार्फत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पत्रपत्रिका तथा सूचना प्रकाशन शिर्षकमा रु. १० लाख बजेट व्यवस्थापन गरेकोमा रु. ९ लाख ८१ हजार खर्च गरेको छ। उक्त खर्च बराबरको कार्य विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम विज्ञापन बोर्डमार्फत गराएको छैन। साथै उक्त रकमको विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली बमोजिम ३ प्रतिशतले हुने रकम रु. २९,४३२.०० बोर्डको कोषमा जम्मा भएको छैन। पालिकाले प्रचलित कानूनमा उल्लेख भए बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गर्नुपर्दछ।

४१ **ढुंगा प्रयोगको राजस्व असुल नगरेकोः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **८३,७२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२ **बीमा बापत भुक्तानीको औचित्यः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४९,३४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४३ **प्रशासकीय भवन निर्माणः**

पालिकाको प्रशासकीय भवन निर्माणको लागि रु. १,९६,५३,९६३.२८ को लागत अनुमान बनाई बोलपत्र आह्वान गरेकोमा सो कार्यको लागि पेस भएका बोलपत्र मध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको रुपमा निर्माण व्यवसायी श्री मातृभूमि डेभलोपर्स एण्ड ईन्जिनियर्स प्रा.लि. सँग मिति २०८२।०३।१५ भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०८१/०१/१० (२ महिना ५ दिन भित्र) मा सम्झौता गरेको छ। यस निर्माण कार्य बापत यस आर्थिक वर्षमा एउटा मात्र रनिङ्ग बिलबाट रु. ३२,२४,५६८.५१ खर्च लेखेको छ। यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्नानुसार छन्।

४३.१ **परिमाण घटाई लागत अनुमान गरेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३क (१) बमोजिम सार्वजनिक निकायले खरिद कार्यको प्याकेजिङ्ग गर्दा नियम ७ को उपनियम (२) को खण्ड (ग) बमोजिम खरिद गुरूयोजनामा उल्लिखित प्याकेज संख्याको प्रतिकूल

नहुने गरी गर्नुपर्ने व्यवस्था छ। साथै, नियम ३क(२) बमोजिम खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने गरी तयारी गर्दा अलग अलग रूपमा सम्पन्न गर्न सकिने प्रकृतिको निर्माण कार्यका लागि अधिकतम प्रतिस्पर्धा हुने हदसम्म छुट्टाछुट्टै रूपमा बोलपत्र अव्हान गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले परामर्शदाताले तयार गरेको DPR मा उल्लेख गरेको लिफ्ट सहितको तीन तले भवनको लागत अनुमान रु. ९१६२३२१३.४३ मध्ये एक तलाको छत ढलान सम्म मात्र गर्ने गरी अन्य कार्य हटाई रु. २ करोड भित्र लागत अनुमान सिमित गरेको पाइयो। एउटै भवन निर्माण कार्यको लागि बोलपत्र आह्वान गर्दा भवन निर्माणको गुणस्तर र निर्माण कार्यमै असर पर्ने गरी प्राविधिक पुष्ट्याँई बेगर संरचना निर्माणको अलग अलग ठेक्का लगाउने गरी लागत अनुमान गरिनु सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था प्रतिकुल रहेको देखिन्छ। भवन निर्माणको पूरै कार्य सम्पन्न हुने गरी एउटै बोलपत्र आह्वान गर्दा लिफ्ट जडान गर्ने तथा अन्य ठूलो संरचना निर्माणमा योग्य र अनुभवी बोलपत्रदाता आउन सक्ने अवस्थामा सो निर्माण गरिने संरचनालाई टुक्राई बोलपत्र आह्वान गर्दा ठूलो निर्माण कार्य लगायत लिफ्ट जडानमा समेत अनुभव नभएका “घ” वर्गका निर्माण व्यवसायीमात्र समावेश भई भवनको भुईँ तला निर्माण गरेको देखिँदा लिफ्ट जडानको अनुभव नभएको निर्माण व्यवसायीले लिफ्ट जडानको लागि आधार तयार गर्दा तोकिएको गुणस्तर समेत कायम नहुने अवस्था देखिन्छ। यसरी एउटै प्याकेजमा निर्माण गर्नुपर्ने संरचनालाई समेत अलग अलग भागमा टुक्राई निर्माण गर्ने गरी स्वीकृति दिने कार्यमा नियन्त्रण हुनुपर्दछ।

परामर्शदाताले पेश गरेको लागत अनुमान मध्ये भुई तलाका आईटम मध्ये रु. २ करोड भित्र पर्ने गरी लागत अनुमान तयार गर्दा बोलपत्रमा समावेश नगरिएका आईटमहरु देहाय अनुसार छन्।

| क्र.सं. | आईटम | परामर्शदता अनुसार | कार्यालयको ल.ई. | काम नभएको परिमाण | ल.इ. दर | रकम |
|---|---|---|---|---|---|---|
| १ | Brick Work | १७१.१७ | ०.०० | १७१.१७ | १९६१४.३३ | ३३५७३८४.८७ |
| | Plaster work 20mm | ३००.५५ | ०.०० | ३००.५५ | ५६६.६२ | १७०२९७.६४ |
| २ | Plaster work 12.5mm | १८२८.३९ | ०.०० | १८२८.३९ | ४४६.९५ | ८१७१९८.९१ |
| ३ | Painting Work External | ३००.५५ | ०.०० | ३००.५५ | ४१३.८३ | १२४३७६.६१ |
| | Painting Work Primer | १८०९.०३ | ०.०० | १८०९.०३ | २०८.७७ | ३७७६७१.१९ |
| ४ | Screeding | ५८०.९७ | ०.०० | ५८०.९७ | ८६८.४५ | ५०४५४३.४० |
| ५ | Cement Punning | ४९७.८२ | ०.०० | ४९७.८२ | ३२२.६२ | १६०६०६.६९ |
| | Ceramic Tile Glazed | ११६.३३ | ०.०० | ११६.३३ | ३४९३.२६ | ४०६३७०.९४ |
| ६ | Ceramic Tile floor | ५४.६२ | ०.०० | ५४.६२ | ३४९३.२६ | १९०८०१.८६ |
| ७ | Flush door | ५८.६८ | ०.०० | ५८.६८ | १२०७५.०० | ७०८५६१.०० |
| ८ | Window UPVC slides | १११.१९ | ०.०० | १११.१९ | ११७३०.०० | १३०४२५८.७० |
| ९ | Stanless steel railing | १६.३२ | ०.०० | १६.३२ | ४८१८.५० | ७८६३७.९२ |
| | जम्मा | | | | | ८२००७०९.७२ |
| | मूल्य अभिवृद्धि कर | | | | | १०६६०९२.२६ |
| | कुल जम्मा | | | | | ९२६६८०१.९८ |

४३.२ **भवनको अवस्थिति परिवर्तनः** निर्माण कार्यको DPR अनुसार सिफारिस गरिएको स्थान र अवस्थिति अनुसार नै सो निर्माण कार्य कार्यान्वयनमा लैजानु पर्दछ। DPR अनुसार सिफारिस गरिएको स्थान र सो अवस्थिति अनुसारको संरचना निर्माण गर्न नसकिने अवस्था आएमा पुनः अध्ययन गर्न लगाई माटो परीक्षण लगायका आवश्यक पर्ने अन्य परीक्षण गर्न लगाई सोको स्वीकृति पश्चात् मात्र निर्माण कार्य गर्नुपर्दछ। पालिकाले एडोन ईन्जिनियरिङ्ग सोलुसन प्रा.लि.ले पेश गरेको DPR मा पश्चिम तर्फ Front Face भएको भवन

निर्माण गर्ने गरी सिफारिस गरेको र सोही अनुसार निर्माण गर्ने गरी पालिकाले समेत स्वीकृति दिएकोमा कार्यपालिकाको २०८२।०२।०२ को निर्णयले हाल निर्माण भै रहेको भवनलाई दक्षिण तर्फ Front Face पर्ने गरी निर्माण गरिरहेको देखियो। परामर्शदाताले माटो परीक्षण, भौगोलिक अवस्थिति समेतको अध्ययन गरी सिफारिस गरेको अवस्थामा कार्यालयले फाउण्डेसनको लागि माटो खन्ने बेलामा निर्माण स्थलको लेभल नमिलेकोले परिवर्तन गर्नुपरेको र सो स्थानको समेत माटो परीक्षण पहिल्यै गरिसकेको छलफलको क्रममा पालिकाले मौखिक जानकारी दिएको छ। विस्तृत अध्ययन बिना निर्माण गरिने भवनको अवस्थिति नै परिवर्तन गर्दा परामर्शदाताबाट पुनः अध्ययन गरी भवनको अवस्थिति परिवर्तन गर्नु उपयुक्त हुने नहुने सम्बन्धमा राय सल्लाह लिई तथा अवस्थिति परिवर्त गर्न स्वीकृति दिई निर्माण स्थलको अवस्थिति परिवर्तन गराउनु जोखिमयुक्त हुनसक्ने देखिन्छ।

| **भवनको DPR अनुसार सिफारिस अवस्थिति** | **वास्तविक निर्माण भैरहेको अवस्था** |
|---|---|
|  |  |

४४ **थप कार्य सम्पादन जमानतः**

खरिद सम्झौतामा भएका व्यवस्था तथा शर्तको पालना र सो अनुसार नै कार्य गर्ने वातावरण सम्झौता कार्यान्वियनको चरणमा सुनिश्चित हुनुपर्दछ। कार्यालयले तयार पारेको बिड डकुमेन्टको ITB ३५.५ (कुनै योजनाको विड डकुमेन्टको ITB २९.५ मा) बि.ओ.क्यू. आईटममा धेरै तल हुने गरी तथा फ्रन्ट लोड र ब्याक लोड हुने गरी कवोल गरेमा ८ प्रतिशत थप कार्य सम्पादन जमानत पेश गर्नु पर्ने गरी व्यवस्था गरेको छ। तर कार्यालयले लागत अनुमानको २८ प्रतिशत देखि ३६ प्रतिशत सम्म घटी कवोल गर्दा समेत थप रकमको कार्य सम्पादन जमानत पेश गराएको छैन। खरिद सम्झौताको लागि तयार पारिएका बोलपत्र सम्बन्धी कागजातमा भएका व्यवस्थाको पालना हुने गरी सम्झौता गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ। यसरी खरिद सम्बन्धी व्यवस्थाको पालना नगरी सम्झौता गरिएका निर्माण कार्य देहाय अनुसार रहेका छन्।

| क्र.सं. | निर्माण कार्य | निर्माण व्यवसायी | घटी कवोल प्रतिशत |
|---|---|---|---|
| १ | प्रशाकीय भवन निर्माण कार्य | मातृभूमि डेभलोपर्स एण्ड ईन्जिनियरिङ्ग | ३३.०२ |
| २ | मुक्तिनाथ मा.वि. छात्रावास भवन | एस एस बिल्डर्स | २८.७२ |
| ३ | कोटगाउँ रायखोर घ्यासीखर्क सडक | रुक्मणी बिल्डर्स | ३५.७१ |

४५ **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को प्रस्तावनामा स्थानीय तहमा लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्याउनु गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको उद्देश्य रहेको उल्लेख छ। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत यस वर्ष पालिकालाई संघीय सशर्त अनुदान रु. १८ लाख प्राप्त भएकोमा पालिकाले तपशिल बमोजिम रु. १६ लाख ५९ हजार खर्च गरेको छ।

| क.सं. | कार्यक्रम /प्यकेजको नाम | विस्तृत विवरण | खर्च रु. | कैफियत |
|---|---|---|---|---|
| १. | उद्यम विकास सहजकर्ताको तलब, चाडपर्व खर्च र पोषाक भत्ता | १ जनालाई | ४३७७२६ | (सहायक चौथो तह सरह) |
| २. | नयाँ उद्यमी सिर्जना तर्फ (मखमली जुत्ता बनाउने तालिम) | (१६ जनालाई १० दिन) | १९६०२९ | वडा नं. - १ |
| | नयाँ उद्यमी सिर्जना तर्फ (हाते ट्याक्टर, थ्रेसर सञ्चालन र मर्मतसम्भार तालिम) | (२० जनालाई ७ दिन) | १०७००० | वडा नं. - ३ (महिला कृषक) |
| ३. | स्थानीय लघु उद्यम विकास समिति | बैठक खर्च | ६१२२० | १ वर्षको |
| ४. | सिलाई बुनाई स्तरोन्नति तालिम | (२२ जनालाई १ महिना) | २४०००० | (महिला उद्यमी) |
| ५. | प्रविधि हस्तान्तरण - १० वटा Industrial Sewing Machine | मालिका सिलाई कटाइ लघु उद्यमी समूह, वडा नं. - ३ | ११७००० | २० % साझेदारीमा |
| ६. | साझा सुविधा केन्द्र निर्माण | Quotation बाट खरिद | ५००००० | (नपुग रु. २२९६७६ मर्मत सम्भार कोषबाट खर्च भएको) |
| | जम्मा खर्च रु. | | १६५८९७५ | |

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता सामाग्रीहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्री गरी प्राप्त रकम तोकिए बमोजिमको राजस्व खातामा जम्मा गर्नु पर्ने तथा उक्त सामान कहीँ पनि बिक्री नभएमा स्टोर दाखिला गरि यथाशिघ्र लिलाम बिक्री गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आ.व. २०८१।८२ मा मखमली जुत्ता बनाउने र सिलाई बुनाई सम्बन्धी सीप विकास तालिम सञ्चालन गरेकोमा उल्लेखित तालिमबाट उत्पादित सामग्रीहरुको बिक्री तथा जिन्सी दाखिला सम्बन्धमा कुनै पनि अभिलेख राखेको छैन। यसबाट एकातिर गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को पालना भएको छैन भने अर्कोतिर यसरी सञ्चालन भएका तालिमहरु व्यवसायिक उद्यमशीलता विकासमा प्रभावकारी नहुने भएकोले निर्देशिकाको पूर्ण पालना गरेर कार्यक्रम सञ्चालन गर्नुगराउनुपर्दछ।

४६ **सामाजिक सुरक्षा भत्ता वितरणः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा आ.व. २०८१।८२ मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि रु. ११ करोड ७६ लाख ९७ हजार विनियोजन भएकोमा पालिका भित्रका ३११३ जना लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण बापत तपशिल बमोजिम रु. ११ करोड ७३ लाख ५० हजार खर्च भएको छ।

| सामाजिक सुरक्षा भत्ता वितरण विवरण (आ.व. ०८१/८२) | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं. | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | लाभग्राही संख्या [चौथो त्रैमासिक] | चौथो त्रैमासिक | वार्षिक जम्मा |
| १ | २८७२७५३ | २८४४२५८ | २८६२११९ | ३०५ | २८९२१७६ | ११४७१३०६ |
| २ | ५०७०२७८ | ५१३४६१२ | ५११८८४२ | ५४३ | ५०९३१८७ | २०४१६९१९ |
| ३ | ६५९९३६१ | ६६७३०६३ | ६७०७६६९ | ७७८ | ६७३९६१० | २६७१९७०३ |
| ४ | २१९३७६३ | २२१४८२४ | २२०१२२१ | २११ | २२१३१३४ | ८८२२९४२ |
| ५ | २२०६८६६ | २२९०२३१ | २२९८८७६ | २३७ | २२९१९९४ | ९०८७९६७ |
| ६ | ४११२४५३ | ४१५१९७० | ४२१९९०४ | ४२५ | ४२२१६४१ | १६७०५९६८ |
| ७ | २७९०७७२ | २७८९७५८ | २८११९६१ | २९३ | २८५६१०९ | ११२४८६०० |
| ८ | ३२५३२०१ | ३२३६३८७ | ३२०४८३८ | ३२१ | ३२२४८२१ | १२९१९२४७ |
| जम्मा | २९०९९४४७ | २९३३५१०३ | २९४२५४३० | ३११३ | २९५३२६७२ | ११७३९२६५२ |
| फिर्ता भएको रकम रु. | | | | | | ४२६७० |
| सामाजिक सुरक्षा भत्ता बापत वितरण भएको खुद रकम रु. | | | | | | ११७३४९९८२ |

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभा तथा नगर सभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिको बुँदा ३२ मा स्थानीय तहले भुक्तानी गरेको भत्ता रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहको कार्यालयको अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था भए पनि पालिकाले नियमित रुपमा लाभग्राहीहरुको नाम नामेसी वेबसाइटमा अद्यावधिक तथा स्थानीय तहको कार्यालय र वडा कार्यालयको सूचना पाटीमा सार्वजनिक गरेको पाइएन। समाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा कार्यविधिको व्यवस्था पालना हुनुपर्दछ।

४७ **दिवा खाजाका लागि विद्यालयलाई अनुदानः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि - २०८१।८२ मा उल्लेख भएको विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.७.११.१ - तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान अन्तर्गत स्थानीय तहले प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी प्रतिदिन रु. १५ का दरले विद्यालयमा उपस्थित भएको दिनमा मात्र एक वर्षमा बढीमा १८० दिनको दिवा खाजा बापतको रकम सम्बन्धित विद्यालयलाई उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकामा दिवा खाजा कार्यक्रमको लागि यस वर्ष संघीय सशर्त अनुदान मार्फत रु. ३५ लाख ६९ हजार विनियोजन भएकोमा पालिकाले बालविकास देखि ५ काक्षा सम्म अध्ययनरत ११२० जना विद्यार्थीको दिवा खाजा बापत ३३ वटा सामुदायिक विद्यालयलाई जम्मा रु. २६ लाख ७८ हजार ८५० निकासा गरेको छ। कुल निकासा मध्ये अमर मा.वि., चिमखोलामा EMIS को तथ्याङ्क बमोजिम कक्षा ५ सम्म ५६ जना विद्यार्थी रहेकोमा (प्रतिविद्यार्थी प्रतिदिन रु. १५ का दरले अधिकतम १८० दिनको दिवा खाजाको) रु. १५१२००.०० निकासा हुनुपर्नेमा ६० जनाको हाजिरी पेश गरी रु. १५८१९०.०० निकासा भएकोले रु. ६९९०.०० बढी निकासा भएको देखिएकोले बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

**द्रष्टव्यः** ६० जनाको हाजिरी पेश।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,९९० |

४८ **खेलकुद विकासः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्नेछ भनेर उल्लेख गरिएको छ। तसर्थ बजेट विनियोजन तथा खर्च गर्दा आर्थिक तथा सामाजिक लाभ उच्च हुने उत्पादनमुलक प्रकृतिको कार्यक्रमहरुमा औचित्य पुष्टी हुने गरी स्रोत परिचालन गर्नुपर्दछ। पालिकाले यस वर्ष राष्ट्रपति रनिङ शिल्ड तथा अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन तथा खेलकुद सामग्री खरिद शिर्षकमा समेत गरी खेलकुद विकास तर्फ जम्मा रु. २१ लाख ५० हजार बजेट विनियोजन गरेकोमा रु. २१ लाख ४९ हजार खर्च लेखेको छ। पालिकले पालिका तथा वडा स्तरीय खेलकुद विकास समिति गठन गरेको छैन र हालसम्म कुनै पनि खेलकुद विकास कार्ययोजना बनाएको छैन भने टोल स्तरीय, विद्यालय स्तरीय, वडा स्तरीय र पालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन सम्बन्धमा कार्यविधि र वार्षिक क्यालेण्डर समेत बनाएको छैन। तसर्थ खेलकुद विकास सम्बन्धी कृयाकलापहरु सञ्चालन गर्दा कार्यविधि र वार्षिक क्यालेण्डर बनाई निश्चित विधि र प्रकृयाको आधारमा पारदर्शी रुपमा सञ्चालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४९ **स्वास्थ्य सुधार कार्यक्रमः**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गारिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को परिच्छेद २ को बुँदा ५ अनुसार मन्त्रालयले सम्बन्धित स्थानीय तहबाट अनुसूची - ३ अनुसारको ढाँचामा भुक्तानी भएको रकमको विवरण पेश गरेको आधारमा अर्ध वार्षिक रुपमा शोधभर्ना गर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गारिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार खर्च बापत पालिकाले यस वर्ष ४२ जना बिरामीलाई विभिन्न ५ वटा भौचरबाट रु. २३६९३३३.०० भुक्तानी गरेको छ। यसरी भुक्तानी भएको औषधि उपचार खर्च मध्ये सशर्त अन्तर्गत गाउँपालिकाको खातामा रु. १५७५०००.०० मात्रै निकासा भएकोले नपुग रकम रु. ७९४३३३.०० गाउँपालिकाले विपद व्यवस्थापन कोषबाट खर्च लेखेकोमा आर्थिक वर्षको अन्त्यमा अन्तरसरकारी हस्तान्तरणको रुपमा रु. ७६४००० सोधभर्ना प्राप्त भई रु. ३००००.०० सोधभर्ना हुन बाँकी रहेको देखियो। सोधभर्ना हुने गरी गाउँपालिकाबाट भुक्तानी भएको रकमको समयमै सोधभर्ना हुने सुनिश्चितताको लागि सम्बन्धित निकायको ध्यान जानु पर्दछ।

५० **शिक्षा तर्फः**

स्थानीय सरकार सञ्चालन ऐन - २०७४ को दफा ११ को उपदफा २(ज) मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ। पालिकाको शिक्षा तर्फ मुख्यतया निम्न बेहोरा देखिएका छन्।

**शिक्षक विद्यार्थी अनुपातः** पालिकामा जम्मा ३३ विद्यालय रहेकोमा ती विद्यालयमा रहेका शिक्षक दरबन्दी र विद्यार्थी संख्याको अनुपात देहाय बमोजिम रहेको छ।

| विद्यालय संख्या | विद्यार्थी संख्या | प्रति विद्यालय औसत विद्यार्थी | शिक्षक दरबन्दी | शिक्षक पदपूर्ति | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| ३३ | २२८७ | ६९.३ | १८४ | १८२ | (करिब) १:१३ |

**प्रति विद्यार्थी लागतः** पालिकामा रहेका ३३ विद्यालयमा पालिकाले यस वर्ष गरेको निकासाको आधारमा पालिकाको प्रति विद्यार्थी औसत लागत देहाय बमोजिम रहेको छ।

| विद्यार्थी संख्या | वार्षिक निकासा रकम रु. | | | | | प्रति विद्यार्थी औसत लागत |
|---|---|---|---|---|---|---|
| | शिक्षक/कर्मचारी तलब भत्ता | दिवा खाजा | पाठ्य पुस्तक | अन्य | जम्मा निकासा | |
| २२८७ | १३०२८०६४८ | २६७८८५० | १२४७१८३ | ३५९१९५९७ | १७०१२६२७८ | ७४३८८.४० |

भौगोलिक विकटता र बढ्दो बाह्य बसाइँसराइको कारण शिक्षक विद्यार्थी अनुपात अत्यन्तै न्यून तर प्रति विद्यार्थी वार्षिक औसत लागत उच्च देखिएको अवस्थामा विकट ग्रामीण क्षेत्रमा बसोबास गर्ने र स्थानीय सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने गरी सामुदायिक विद्यालयहरुको सञ्चालन, व्यवस्थापन र नियमन गर्ने तर्फ पालिका गम्भीर भएर लाग्नुपर्दछ।

५१ **सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि - २०८१।८२ मा उल्लेख भएको विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.७.१०.१३ - विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत स्थानीय तहले विद्यालयको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण, विद्यार्थी परिचय पत्र व्यवस्थापन, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियकलाप सञ्चालनका लागि आधारभूत तह सञ्चालित प्रत्येक विद्यालयलाई रु. १० हजार र माध्यमिक तह सञ्चालित प्रत्येक विद्यालयलाई रु. १५ हजार एकमुष्ट अनुदान वार्षिक रुपमा उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष विद्यालयको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण लगायतका कार्यको लागि आधारभूत तह सञ्चालित २३ वट विद्यालयहरुलाई प्रति विद्यालय रु. १० हजारका दरले रु. २३००००.०० र माध्यमिक तह सञ्चालित १० वटा विद्यालयहरुलाई प्रति विद्यालय रु. १५ हजारका दरले रु. १५००००.०० समेत जम्मा रु. ३८००००.०० निकासा दिएकोमा हालसम्म पनि विद्यालयको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण सम्पन्न भएको प्रतिवेदन पालिकामा पेश भएको पाइएन। तसर्थ सम्बन्धित विद्यालयहरुबाट समाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८०,००० |

५२ **विद्यालयको कोष सञ्चालनः**

शिक्षा नियमावली - २०५९ को नियम १६९(५) मा विद्यालयको कार्य सञ्चालनको लागि विद्यालय कोषको रकम नजिकैको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्न सकिने उल्लेख छ। पालिकामा पेश गरिएको विद्यालयहरुको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार पालिका अन्तर्गतका निम्नानुसारका ५ विद्यालयले रु. ६ लाख ४२ हजार २९२ विभिन्न सहकारीमा जम्मा गरेको पाइयो।

| क्र.सं. | विद्यालयको नाम | विद्यालयको खाता रहेका सहकारी | जम्मा रकम रु. |
|---|---|---|---|
| १ | श्री सिद्धर्थ ज्ञान मन्दिर आ.वि. | मिलन महिला सहकारी संस्था | ५१००० |
| २ | श्री ज्ञानोदय मा.वि. | भू.पू. सहकारी संस्था | १३०० |
| ३ | श्री रघुगंगा आ.वि. | रिहगाद सहकारी संस्था लिमिटेड | ११२८२५ |
| ४ | श्री मालिका आ.वि. | भू.पू. सहकारी संस्था | १९०७० |
| ५ | श्री अमर मा.वि., चिमखोला | हिमालय सहकारी संस्था, चिमखोला | ८०९७ |
| | | बुद्ध सहकारी संस्था, बेनी | ४५०००० |
| | सहकारीमा जम्मा भएको विद्यालयहरुको कोषको जम्मा रकम रु. | | ६४२२९२ |

पालिकाको सहकारी सम्बन्धी अभिलेख बमोजिम ५ वटा सहकारीमा रु. १ करोड २५ लाख ८२ हजार भाखा नाघेको ऋण रहेको अवस्थामा विद्यालयको कोषको रकम नियम विपरीत जोखिमयुक्त सहकारीमा जम्मा गरेको देखिएकोले नियमानुसार नजिकको बैंकबाट विद्यालयको कोषको सञ्चालन हुने व्यवस्था मिलाउनुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : रघुगंगा गाउँपालिका, म्याग्दी , रघुगंगा गाउँपालिका , म्याग्दी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| लेखा प्रमुख | अर्जुन गौतम | २०८०-११-१३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,२०५,३८६ | ३,८००,००० | १,५६५,५२० | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६,५७०,९०६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | २,०२३,५८८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४,५४७,३१८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६५६४९४४२.९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २६७३७६००२.३७ | चालु खर्च | ४२१३५८६५२ |
| प्रदेश सरकारबाट अनुदान | १६२३९४९६.८८ | पूँजीगत खर्च | ८२७७१६८९ |
| राजश्व बाँडफाँट | ९१६२८२१७.५१ | वित्तीय/अन्य व्यवस्था | ९०७४८९५.० |
| आन्तरिक आय | १४०२४५२१.१ | | |
| अन्य आय | १३८२८३६६०.१२ | | |
| कुल आय | ५२७५५१८९७.९८ | कुल खर्च | ५१३२०५२३६.० |
| बाँकी मौज्दात | | ७९९९६१०४.८८ | |

**अनुसूची - २**

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

रघुगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, म्याग्दी
कार्यालयको कोड : ८०४४४५०५३००

म.ले.प.फा.नं.
२७०-०१

वित्तीय प्रतिवेदन

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ९,३४,६८,७५९.२८ | ०.०० | ९,३४,६८,७५९.२८ | ८,४८,७२,०२१.६७ | ०.०० | ८,४८,७२,०२१.६७ |
| १३००० | अनुदान | | २८,३६,१५,४९९.२५ | ०.०० | २८,३६,१५,४९९.२५ | २८,३७,१७,२७१.३८ | ०.०० | २८,३७,१७,२७१.३८ |
| १४००० | अन्य राजस्व | | १,२१,८०,९७९.३३ | ०.०० | १,२१,८०,९७९.३३ | ९२,९६,१६८.५७ | ०.०० | ९२,९६,१६८.५७ |
| १५००० | विविध प्राप्ति | | ३,०००.०० | ०.०० | ३,०००.०० | ०.०० | ०.०० | ०.०० |
| क | कुल जम्मा प्राप्ति | | ३८,९२,६८,२३७.८६ | | ३८,९२,६८,२३७.८६ | ३७,७८,८५,४६९.६२ | | ३७,७८,८५,४६९.६२ |
| ३ | चालु | | २९,८१,७२,४०६.९३ | ०.०० | २९,८१,७२,४०६.९३ | २९,८४,८१,१३४.५६ | ०.०० | २९,८४,८१,१३४.५६ |
| २१००० | पारिश्रमिक / सुविधा | | ३,७४,९०,८३०.५० | ०.०० | ३,७४,९०,८३०.५० | २१,४६,७०,३१८.६५ | ०.०० | २१,४६,७०,३१८.६५ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ५,०६,५५,४६७.३६ | ०.०० | ५,०६,५५,४६७.३६ | ५,३८,८५,०२२.०७ | ०.०० | ५,३८,८५,०२२.०७ |
| २५००० | सहायता (Subsidy) | | १,६१,५१,५६५.७० | ०.०० | १,६१,५१,५६५.७० | १,४५,५९,२८४.७२ | ०.०० | १,४५,५९,२८४.७२ |
| २६००० | अनुदान | | १८,४४,९०,५३९.३७ | ०.०० | १८,४४,९०,५३९.३७ | ०.०० | ०.०० | ०.०० |
| २७००० | सामाजिक सुरक्षा | | ७८,८६,६६५.०० | ०.०० | ७८,८६,६६५.०० | १,३५,६५,६६२.१२ | ०.०० | १,३५,६५,६६२.१२ |
| २८००० | अन्य खर्च | | १४,९७,३३९.०० | ०.०० | १४,९७,३३९.०० | १८,००,८४७.०० | ०.०० | १८,००,८४७.०० |
| ४ | पुंजीगत | | ८,२७,७१,६८९.१५ | ०.०० | ८,२७,७१,६८९.१५ | ९,४५,५५,८११.२३ | ०.०० | ९,४५,५५,८११.२३ |
| ३१११० | भवन तथा संरचना | | १,७३,६४,५२३.०० | ०.०० | १,७३,६४,५२३.०० | ३,५६,३०,०५४.१२ | ०.०० | ३,५६,३०,०५४.१२ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १,२५,१४,३२२.०० | ०.०० | १,२५,१४,३२२.०० | ५७,३०,४३६.०० | ०.०० | ५७,३०,४३६.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | २७,१८,४६३.०० | ०.०० | २७,१८,४६३.०० | ४३,१८,९५७.०० | ०.०० | ४३,१८,९५७.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ४,१४,९८,७८६.१५ | ०.०० | ४,१४,९८,७८६.१५ | ४,५०,०९,३९३.११ | ०.०० | ४,५०,०९,३९३.११ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | १०,५२,७२१.०० | ०.०० | १०,५२,७२१.०० | १४,२९,१२९.०० | ०.०० | १४,२९,१२९.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ७६,२२,८६६.०० | ०.०० | ७६,२२,८६६.०० | २३,५७,८४२.०० | ०.०० | २३,५७,८४२.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ३८,०९,४४,०९६.०८ | | ३८,०९,४४,०९६.०८ | ३९,३०,३६,९४५.७९ | | ३९,३०,३६,९४५.७९ |
| ग) | बचत /कमी (ग = क-ख ) | | ८३,२४,१४१.७८ | | ८३,२४,१४१.७८ | (१,५१,५१,४७६.१७) | | (१,५१,५१,४७६.१७) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ३४,४४,३५३.७८ | | ३४,४४,३५३.७८ | ४२,४५,९८०.४८ | | ४२,४५,९८०.४८ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | २,५६९.०० | | २,५६९.०० | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | १,१७,६८,४९५.५६ | | १,१७,६८,४९५.५६ | (१,०९,०५,४९५.६९) | | (१,०९,०५,४९५.६९) |
| च) | गत आ.ब.को नगद तथा बैंक मौज्दात | | ६,८२,२७,६०८.९० | | ६,८२,२७,६०८.९० | ७,६५,५४,९३८.५९ | | ७,६५,५४,९३८.५९ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ७,९९,९६,१०४.४६ | | ७,९९,९६,१०४.४६ | ६,५६,४९,४४२.९० | | ६,५६,४९,४४२.९० |

बेरूजु दफा १८ सँग सम्बन्धित विवरण - अनुसूची -४

| मसलन्द तथा कार्यालय सामग्री सोझै खरिद सम्बन्धी प्रमुख उदाहरणहरु | | | | |
|---|---|---|---|---|
| क्र.सं. | आपूर्तिकर्ता | भौचर नं. | खर्च रु. | कैफियत |
| १ | प्रोफेशनल कम्प्युटर इन्ष्टिच्युट | [३३४ - ०८१।०९।२९] | २४८६०० | |
| २ | अस्मिता ट्रेड कन्सर्न | [१३५ - ०८१।०७।११] | २९२३०२ | |
| | | [३३५ - ०८१।०९।२९] | २६५९९० | |
| | | [४९१ - ०८१।११।२०] | ४९७५२७ | |
| | | [७६७ - ०८२।०२।१४] | ३८२२०६ | |
| ३ | गण्डकी ट्रेड हाउस एण्ड सप्लायर्स | [९८३ - ०८२।०३।१६] | ५४५२९१ | ३३ आइटम |
| | | [७९१ - ०८२।०२।२३] | ९८३४९ | |
| | | [८८८ - ०८२।०३।०९] | १५८२०० | |
| ४ | गण्डकी अफसेट प्रेस | [३२७ - ०८१।०९।२९] | ९०१७४ | |
| | | [१०५१ - ०८२।०३।२०] | २७२५५६ | |
| ५ | लालीगुराँस अफसेट प्रेस | [९८५ - ०८२।०३।१६] | ९१५३० | |
| ६ | ग्लोबल ट्रेडिङ कन्सर्न | [१०४७ - ०८२।०३।२०] | ८३४२८ | |
| | जम्मा रु. | | ३०२६१५३ | |

## बेरूजु दफा ३९ सँग सम्बन्धित विवरण - अनुसूची -५

| कृषि तर्फको अनुदान वितरण विवरण | | | | |
|---|---|---|---|---|
| क्र.सं. | अनुदानको किसिम | लाभान्वित व्यक्ति। समूह | खर्च रु. | कैफियत |
| १ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम (७५ प्रतिशत अनुदान) | २४ | ९९७५०० | कृषि मेशिनरी |
| २ | मागमा आधारित कार्यक्रम (७५ प्रतिशत अनुदान) | ८ | ३००००० | |
| ३ | युवा लक्षित अनुदान कार्यक्रम (७५ प्रतिशत अनुदान) | १ | ९८०५९ | प्लाष्टिक टनेल |
| ४ | गड्यौला मल उत्पादन कार्यक्रम (५० प्रतिशत अनुदान) | १ | ८८९०७ | गड्यौला उत्पादन सेट |
| ५ | प्लाष्टिक टनेल वितरण कार्यक्रम (५० प्रतिशत अनुदान) | ७३ | २९५७०० | प्लाष्टिक टनेल |
| ६ | मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम (५० प्रतिशत अनुदान) | २६५ | ७११०९७१ | कृषि मेशिनरी/औजार |
| ७ | मौसमी तरकारी बीउ वितरण कार्यक्रम (१०० प्रतिशत अनुदान) | - | २५०००० | बिउ वितरण |
| ८ | मौरीपालन अनुदान (१०० प्रतिशत अनुदान) | ८ | ५९७४५५ | मौरीपालन सामग्री |
| | जम्मा | ३८० | ९७३८५९२ | |
| पशु तर्फको अनुदान वितरण विवरण | | | | |
| क्र.सं. | अनुदानको किसिम | लाभान्वित व्यक्ति। समूह | खर्च रु. | कैफियत |
| १ | भकारो सुधार कार्यक्रम (५० प्रतिशत अनुदान) | २३ | ४७३७८० | आधुनिक गोठ निर्माण |
| २ | डिपिङ ट्याङ्क वितरण कार्यक्रम (७५ प्रतिशत अनुदान) | ८ | २९२१२५ | भेडा बाख्रा फर्मलाई |
| | जम्मा | ३१ | ७६५९०५ | |
| | कुल जम्मा | ४११ | १०५०४४९७ | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानून तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ।

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको सम्बन्धित मार्गदर्शनमा तोकिए बमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट व्यवस्थापन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानून बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूह बारे कानूनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष लाभ पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यवसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनुपर्दछ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौता बमोजिमको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप गर्ने कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधि भित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम हुने गरी शिक्षकहरूको दरबन्दी समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएको देखिएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फछ्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फछ्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानून तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फछ्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फछ्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगत रूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रमका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह प्रणाली तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अद्यावधिक गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।